## सम्बन्धित सेवाहरु

बिशेष शिक्षाबाट फाईदा पाउन तपाईंको बालकलाई आवश्यक सहयोग सेवालाई सम्बन्धित सेवा भनिन्छ। बिशेष शिक्षाबाट फाईदा पाउन तपाईंको बालकलाई आवश्यक सहयोग सेवालाई सम्बन्धित सेवा भनिन्छ। सम्बन्धित सेवाले अपाङ्ग बाल-बालिकाहरुलाई सहयोग गर्छ र बोली वा चल्ने जस्ता आवश्यक क्षेत्रमा अतिरिक्त सहयोग प्रदान गर्छ जस्ले गर्दा विद्यार्थीहरुले बिशेष शिक्षाबाट फाईदा पाउने छन्। सम्बन्धित सेवामा यि कुराहरु सम्मिलित हुन्छ तर यि कुरामा मात्र सिमित हुँदैन:


- बोलाई भाषा विकृति र अडीयोलोजी सेवाहरु
- अनुवाद सेवा
- शारिरिक र पेशा सल्लाह
- दृष्टि सहयोग सेवाहरु
- अभिमुखिकरण र गतिशिल्ता सेवाहरु

शैक्षिक प्रक्रियामा भाग लिने र सो प्रक्रियाबाट फाईदा उठाउन, एउटै र समावेश गरिने मौका, सम्पूर्ण विद्यार्थीहरुलाई प्रदान गर्नु पर्छ भनेर सुनिश्चित गर्न सहयोगी प्रविदीको प्रयोग व्येक्तिगत शिक्षा कार्यक्रमका समुहले निर्धारित गर्ने छ।

विद्यार्थीहरुको आवश्यकताको अनुसार, सामान्य शिक्षा पाठ्यक्रमबाट फाईदा लिन विद्यार्थीलाई बिशेष शिक्षाबाट बोलाई, भाषा, दृष्टि र सुनाइ सेवाहरु मात्र आवश्यक हुन सक्छ। शारिरिक र पेशा सल्लाहमात्र चाहिएको खण्डमा आ इ पि (IEP) को सट्टा पाठ १५/५०४ योजनाको बिकास गर्न सकिन्छ।

## दृष्टि समर्थन

विद्यार्थीको ओप्थालमोलोजिस्ट को सिफरिश पछी दृष्टि समर्थन शिक्षक सँग काम गर्छ। दृष्टिमा हानी, कम दृष्टि देखी सम्पूर्ण रुपमा अन्धो जस्तै बिभिन्न किसिमको हुन सक्छ। धेरै टाढा नदेख्ने विद्यार्थीलाई पनि सिफरिश गर्न सकिन्छ। सिफरिश गरी सके पछी विद्यार्थीलाई कार्यत्मक मुल्याङ्कन प्रदान गरिन्छ जस्ले विद्यार्थीलाई आफ्नो शिक्षा कार्यक्रममा सफल तरिकाले भाग लिन आवस र अनुकुलन प्रदान गरिन्छ।



आँखाको अवस्था नराम्रो भएको अनुसार विद्यार्थीहरुले ठुलो अक्षर भएको किताबहरु, म्याग्निफायर्स, अडीयो सि डि र क्यासेट टेप, ब्रैल्ल प्रकाशन गर्ने बिशेष उपकरणप्रयोग गर्द छन्। प्रविधीको आवश्यकताको मुल्याङ्कन गरिन्छ।केही विद्यार्थीहरुले चल्न र अभिमुखिकरणमा प्रमाणित शिक्षकद्वाराशिक्षा प्राप्त गर्दछन् जस्ले गर्दा सुरक्षित र स्वतन्त्र यात्रा सुनिश्चित हुन्छ। अन्धो भएका विद्यार्थीहरुलाई ट्रेलिङ को बारे र सेतो छडी चलाऊन सिकाइन्छ। हरेक विद्यार्थीको कार्यक्रम व्येक्तिगत बनाइन्छ र कुन उपकरण प्रयोग गर्ने हो त्यो पनि व्येक्तिगत रुपमा निर्धारित गरिन्छ।

दृष्टि सहयोग शिक्षक एक समुहको सदस्यहो जस्ले कक्षाको शिक्षक, आमा बुवा र बिद्यालयका अरु स्टाफ सदस्यहरु सँग काम गरी दृष्टि
कम्जोर भएका विद्यार्थीहरुलाई आफ्नो शैक्षिक लक्ष्य प्राप्त गर्न सहयोग प्रदान गर्दछ। विद्यार्थीहरु भिन्न वा पुरक सहयोग प्रदान गर्दछ।

## फिलाडेल्फिया बिद्यालय जिल्ला

भेदभाव नगर्ने निती/NONDISCRIMINATION POLICY

फिलाडेल्फिया बिद्यालय जिल्ला एक समान मौका रोजगारदाताहो र रोजगारी र शैक्षिक कार्यक्रममा, जाती, धर्म, उमेर, मुल राष्ट्र, लिङ, लिङ अभिमुखिकरण, अपाङ्ग अवस्था, वंश वा अङ्ग्रेजीमा कम प्रविणता मा आधरित भेदभाव गर्दैन। यो भेदभाव नगर्ने निती, कानुनी रुपमा सुरक्षा गरिएको सम्पूर्ण अरु वर्गीकरणहरु पनि सम्मिलित हुन्छ। यो नितीको प्रकाशन १९७२को शैक्षिक संशोधनको टाइटल ९ र भाग ५०३ सम्मिलित भएको राज्य र संघिय नियम अनुसार गरिएको छ।

# फिलाडेल्फिया बिद्यालय जिल्लामा भएको सम्बन्धित सेवाहरु

## फिलाडेल्फिया बिद्यालय जिल्ला




**बिशेष सेवा कार्यालय**
Education Center
440 North Broad Street – 2nd Floor
Philadelphia, PA 19130

***2014-15 Related Service Brochure (Nepali)***

***Translation and Interpretation Center***
***1/2015***

## सम्बन्धित सेवाहरु
## सहयोग
## सल्लाह

बिशेषज्ञ शिक्षक र सल्लाहकारहरु शिक्षक, कक्षाको स्टाफ सदस्य र आमा बुवाहरु सँग मिली काम गरी, सम्पूर्ण बिद्यालय बातावरण मा प्रभावकारी शिक्षार्थीहुन चाहिने योग्यताहरुको बिकास गर्दछन्। शिक्षा धैरै बातावरणमा हुने भएकोले स्टाफ सदस्यहरुलाई सेवा प्रदानकर्ताको सिफारिश अनुसार लक्ष्य र उद्वेश्य पुरा गर्न तालिम दिइएको हुन्छ।



सम्बन्धित सेवा प्रदानकर्ता र शिक्षकहरु संगै काम गरी व्यक्तिगत शिक्षा, बिभिन्न शिक्षा शैली र योग्यताको बिकास गर्द छ।

"सम्पूर्ण विद्यार्थीहरुको जिम्मा भएको सहयोगी शिक्षकद्वारा विद्यार्थीलाई चुनौती दिइएको खण्डमा विद्यार्थीहरु सफल हुन्छन् (आङगल,१९९६)"

## बहिरो र सुन्न गाह्रो भएका लागि सहयोग

बहिरो वा सुन्न गाह्रो भएको व्येक्तिहरुलाई पनि सामान्य शिक्षा पाठ्यक्रम पढ्ने मौका सुनिश्चित गर्न शिक्षकहरुले (अडियोलोजिस्ट, कक्षाकोठाको शिक्षक, बिद्यालयका मनोवैज्ञानीक, बिद्यालयका सल्लाहकार, सान्केतिक भाषा अनुवादकर्ता र आमा बुवाहरु सम्मिलित भएका) बिभिन्न स्टाफ सदस्यहरु सँग मिलेर काम गरी व्येक्तिगत शिक्षा कार्यक्रमको प्रक्रिया अनुसार लागु गर्द छन्।

आइ इ पि (IEP) समुहले, एक बर्ष भन्दा नयाँ अडीयो ग्राम सम्मिलित भएको जानकारीको समिक्षा गरे पछी विद्यार्थीहरुको यो सहयोगको योग्यता निर्धारित गर्छ।

यो कार्यक्रममा छिमेकका बिद्यालयहरुमा सल्लाह र सहयोग सम्मिलित हुन सक्छ। सामान्य शिक्षा पाठ्यक्रममा दैनिक रुपमा सुनाइको सहयोग आवश्यक हुने विद्यार्थीलाई पुरक सहयोग प्रदान गरिने बिद्यालयमा सहयोग प्रदान गरिन्छ।
पाठ्यक्रमको धैरै भाग बहिरो र कम सुन्ने शिक्षकले सन्केतिक भाषा र बिशेष शिक्षा प्रयोग गरी प्रदान गर्नु परेको भनेर समुहले निर्धारित गरेको बेला कक्षा कोठामा आधरित कार्यक्रमहरु प्रदान गरिन्छ। कक्षामा सम्पूर्ण विद्यार्थीहरु बहिरो वा कम सुन्ने भएको खण्डमा वा सामान्य कक्षामा आइ इ पि (IEP) द्वारा सिफारिश ग्रिऐ सहयोग सम्मिलित गरिएको बेलामा यो नमुना प्रदान गर्न मिल्छ।

यो सहयोगमा: बहिरो वा कम सुन्ने विद्यार्थीहरुको शिक्षक वा अमेरिकि सन्केतिक भाषामा प्रविणता भएको बिद्यालयको मनोबैज्ञानीक, सन्केतिक भाषा अनुवाद गर्ने व्येक्ति वा शैक्षिक अडीयोलोगिस्ट ले गर्ने सल्लाह सम्मिलित हुन्छ।

## शारिरिक सल्लाह
## पेशा सल्लाह

शारिरिक र पेशा सल्लाह, अपाङ्ग बालकलाई उस्को शिक्षाको फाईदा लिन सहयोग प्रदान गर्ने सम्बन्धित सेवा हो।

पेशा सल्लाहकारहरुले बिद्यालय मा स्वयम अनुरक्षण, शैक्षिक वा व्येवसायिक कार्यहरु र खेल्कुद वा बातावरणमा भाग लिने बालकको सक्रिय अवकाश कृयाकलापहरुलाई सुबिधा दिन अर्थ पूर्ण कृयाकलापको प्रयोग गर्दछ। प्रत्यक्षय र अप्रत्यक्ष सेवाहरु र साहायक प्रविधीको प्रयोग गरी र बातावरणको परिवर्तन गरी बिद्यालयको पेशा सल्लाहकारले आमा बुवा, शिक्षक र अरु शैक्षिक स्टाफ सदस्य सँग मिलेर काम गरी बालकको शैक्षिक कार्यक्रम लागु गर्न सहयोग गरिन्छ।

बिद्यालय शारिरिक सल्लाह बिद्याल्यको बातावरणमा स्वतन्त्र रुपमा चल्न सक्ने बालकको योग्यतामा ध्यान केन्द्र गर्द छ। बिद्यालयको शारिरिक् सल्लाहकारले बिद्यालय भरीमा चल्ने र कक्षा कोठाको कृयाकलापमा भाग लिने योग्यताको मुल्याङ्कन गर्दछ।

शारिरिक सल्लाहका हस्तक्षेपहरु विद्यार्थीलाई कक्षा कोठामा आफ्नो बस्ने स्थिती बनाइ राख्न र परिवर्तन गर्न, कक्षाको कृयाकलापमा भाग लिन र सीढी चाडने, शौचालय जाने र खाजा घर र खेलकुद मैदान जस्ता ठाउँ सम्मिलित भएको बिद्यालयको बातावरणमा सुरक्षित तरिकाले यात्रा गर्नको लागि बनाइको हो।



## संचार सहयोग



संचार गर्ने योग्यता बिग्रिएको बालकहरुलाई बोली वा भाषा संचार सहयोग सेवाहरुले सामान्य वा बिशेष शैक्षिक कार्यक्रमबाट फाईदा लिन सहयोग प्रदान गर्दछ। शिक्षामा आधारित बोली भाषा प्याथोलोजिस्टले राम्रो सँग बोल्न नसक्ने भनेर निर्धारित गरिएको बालकहरुलाई सेवा प्रदान गर्दछ। सो प्याथोलोगिस्ट ले बिकल्प संचार चाहिने व्येक्तिलाई सो बिकल्प बिकास र लागु गर्न सहयोग गर्दछ।

सो प्याथोलोगिस्टले शिक्षामा आधरित सेवा प्रादन गर्ने नमुना लिन्छ जस्ले प्रत्येक्ष रुपमा विद्यार्थीहरु सँग काम गर्ने देखी लिएर अप्रत्यक्ष रुपमा विद्यार्थी सँग हरेक दिन काम गर्ने शिक्षक र स्टाफ सदस्यहरु सँग मिली काम गरी र सल्लाह दीइ बिद्यालयको शैक्षिक सफलतालाई सहयोग गर्दछ। सेवा प्रदान गर्ने अप्रत्यक्ष नमुनालाई सहयोगी वा सल्लाह भनिन्छ र अनुसन्धानको अनुसार एउटा बातावरण देखी अर्को बातावरण मा परिवर्तन हुन सहयोग चाहिने बालकहरुको लागि यो नमुनालाई सब्बै भन्दा राम्रो मानिन्छ। यि नमुनाहरुको हरेक साल समिक्षा र संशोधन गरिन्छ।

